वर्ष : २१, अंक : २१, काठमाडौं, २०८२ असोज २४ गते शुक्रबार, 10 October, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मधेशमा नयाँ सत्ता समीकरणको तयारी



जनकपुरधाम । मधेश प्रदेशमा मुख्यमन्त्री सतीशकुमार सिंह नेतृत्वको सरकार ढल्ने संकेतसँगै नयाँ सत्ता समीकरण बन्ने तयारी भएको छ । नेकपा (एमाले), नेपाली कांग्रेस र जनमत पार्टीले संयुक्त रूपमा नयाँ सरकार गठनको दाबी बुधबार प्रदेश प्रमुखको कार्यालयमा पेश गरेका छन् । बुधबार एमालेले मुख्यमन्त्री सिंहलाई दिएको समर्थन फिर्ता लिएपछि प्रदेशको सत्ता समीकरणमा ठूलो परिवर्तन आएको हो । एमालेले औपचारिक निर्णय गर्दै जनमत नेतृत्वको मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै कांग्रेसका संसदीय दलका नेता कृष्ण यादवको नेतृत्वमा सरकार गठनसहितको दाबी पेश गरेका हुन् ।

तीन दलका नेताले बुझाएको पत्रमा नेपाली कांग्रेस संसदीय दलका नेता माननीय कृष्णप्रसाद यादवलाई मधेश प्रदेशको नयाँ मुख्यमन्त्रीका रूपमा नियुक्त गर्न सिफारिस गरिएको छ । संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश प्रमुखले बहुमत प्राप्त दल वा दलहरूको गठबन्धनबाट सरकार गठनका लागि आह्वान गरेपछि ती दलहरूले बुधबार दाबी प्रस्तुत गरेका हुन् । दाबीपत्र अनुसार एमाले, कांग्रेस र जनमत गरी तीन राजनीतिक दलका ५८ जना प्रदेशसभा सदस्यहरूको समर्थन रहेको उल्लेख गरिएको छ, जुन अहिले प्रदेशसभामा कायम रहेका सदस्यसंख्याको बहुमत हो ।

# मधेश अझै पनि डुबिरहेको छ : साह

काठमाडौं । आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले बाढी र डुवानको मारमा परेको मधेशलाई केन्द्र सरकारले पूरै बेवास्ता गरेको भन्दै आलोचना गरेका छन् । आज (बुधबार) सिंहदरबारमा सञ्चारकर्मीहरुसँगको संक्षिप्त कुराकानीमा उनले आफू भर्खरै मधेशबाट काठमाडौं फर्किएको उल्लेख गर्दै मधेश अझैपनि बाढी र डुबानको मारमा रहेको भएपनि केन्द्र सरकारको उपस्थिति नदेखिएको गुनासो पोखे ।



उनले भने,'म अविरल वर्षा हुँदा गृहजिल्लामा थिएँ, मधेश पूरै बाढी, डुवान र कटानको मारमा थियो, तर केन्द्र सरकार कतैपनि देखिएन । बरु स्थानीय सरकारको उपस्थिति देखियो, तर केन्द्र सरकारको कुनैपनि उपस्थिति देखिएन । म कुलमानजीलाई सोध्न चाहन्छु-के देश भनेको काठमाडौं महानगरमात्रै हो र ? यदि होईन भने तपाईंको निकाय किन मधेश बाढी, कटान र डुवानको मारमा हुँदा देखापरेनन् ?'

साहले उर्जा, भौतिक पूर्वाधार र शहरी विकासमन्त्री कुलमान घिसिङलाई प्रश्न गरे, "मधेशमा नदीका बांधहरू भत्किरहदा तपाईको नदी नियन्त्रणको हाकिम किन देखा परेन, राजमार्गहरू भत्केर आवागमन अवरुद्ध हूदा सड़क बिभाग किन आएन, पुरै सहर दुवान हुदा शहरी बिभागको किन सक्रिय भएन ? के देश भनेको काठमाडौं महानगरमात्रै हो ? हैन भन्ने कुलमानजी तपाई एकपटक मधेश डुबेको हेर्न आऊनूस । तपाई जस्तो व्यक्तित्व सरकारमा सहभागी हुँदा जनताले उत्साह महशुस गरेको भएपनि अहिले विपद्को बेलामा काठमाडौंकेन्द्रित मात्रै हुँदा धेरै जनताले विभेदको महसुस गरेको छ ।"

उनले भने,'अविरल वर्षाको कारण सिंगो देश नै विपद्मा थियो, सरकार काठमाडौंमा मात्रै देखियो, देश भनेको काठमाडौंमात्रै होईन नि, आजपनि मधेश पूरै डुबानको मारमा छ, खानेपानीको समस्या छ, विजुली समस्या छ, शहरहरु जलमग्न छन् । पानीको निकास छैन ।

***बाँकी अन्तिम पृष्ठमा***

# राष्ट्रिय युवा खबरदारी समूह गठन

काठमाडौं । देशमा सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नका लागि विभिन्न क्षेत्रका बौद्धिक युवाहरूको सहभागितामा "राष्ट्रिय युवा खबरदारी समूह (ल्बतष्यलर्बा थ्यगतज ख्ष्नर्षबलअभ न्चयगउ)" गठन गरिएको छ। सरकारका नीतिगत र कार्यगत क्रियाकलापहरूलाई नजिकबाट निगरानी गर्ने, समसामयिक विषयहरूमा तार्किक छलफल गरी समाधान खोज्ने तथा देशमा आइपर्ने विपत्तिहरूमा सक्रिय सहयोग पुऱ्याउने उद्देश्य समूहले लिएको छ।



यस समूहमा शैलेन्द्र कुमार ठाकुर, इन्जिनियर शिवांग दत्त, मन्दीप कुमार लाभ, महेश यादव, निरज सिंह, ब्राजित कर्ण, शिल्पी गुप्ता, गुड्डी यादव, रवि झा, सुजाता प्रसाद यादव र नितेश केशरीलगायत देशका विभिन्न क्षेत्रका युवाहरूको प्रतिनिधित्व रहेको छ। समितिको प्रवक्ताको जिम्मेवारी इन्जिनियर शिवांग दत्तलाई प्रदान गरिएको छ।

प्रवक्ता दत्तका अनुसार, "यो समिति ले विभाजन भएका जेन-जीहरूलाई समेत एक ठाउँमा ल्याउन समन्वयकारी भूमिका खेल्ने प्रयास गर्नेछ। सरकारसँग निरन्तर सम्पर्कमा रही, सरकारका कामकारवाहीहरूमा सहयोग र ध्यानाकर्षण गराउनेछ। साथै, जनता र सरकारबीचको पहुँच सहज र प्रभावकारी बनाउन समूहले पुलको भूमिका खेल्नेछ," उनले भने।

समूहले हालै सम्पन्न जेन-जी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारसँग सहकार्य गर्दै विभिन्न मन्त्रालयहरूको कार्यान्वयन प्रभावकारिता र जवाफदेहितामाथि ध्यान केन्द्रित गर्ने तयारी गरेको छ। यसका साथै, आगामी निर्वाचन प्रक्रिया निष्पक्ष, पारदर्शी र समावेशी बनाउने सन्देशसमेत समूहले दिएको छ।

राष्ट्रिय युवा खबरदारी समूहले देशभरका युवाहरूलाई एकताबद्ध गर्दै जिम्मेवार नागरिकका रूपमा सचेत, पारदर्शी र उत्तरदायी शासन प्रणाली निर्माणमा सक्रिय योगदान पुऱ्याउने प्रतिवद्धता जनाएको छ।

# युवाहरूको गिरफ्तारीको विरोधमा जनकपुरमा धर्ना

जनकपुर । धनुषा जिल्लाको रुपैठा स्थित दुर्गा पूजाको मूर्तिबिसर्जनको क्रममा हिन्दू समुदायमाथि भएको हिन्सात्मक आक्रमणका दोषीलाई कारवाही नगरी उल्टै हिन्दू युवाहरुलाई पक्राउ गरेको घटनाको विरोधमा आज जनकपुरमा धर्ना कार्यक्रम सम्पन्न गरिएको छ।

राष्ट्रिय एकता अभियानको पहलमा जनकपुरको जनक चौकमा आयोजित उक्त धर्ना अभियानका हिन्दुवादी युवा नेता मनीष पुर्वे र उर्मिला महतोको नेतृत्वमा सम्पन्न भएको हो। धर्नामा सहभागीहरूले धनुषा प्रहरी प्रशासन विरुद्ध कडा नाराबाजी गर्दै निर्दोष हिन्दू युवाहरूको तत्काल रिहाईको माग गरेका छन्।



अभियानका नेताहरूले भने, "धर्म र संस्कृतिको संरक्षण गर्ने युवामाथि कारवाही गर्नु अन्यायपूर्ण कदम हो। प्रशासनले मूर्ति बिसर्जनका क्रममा आक्रमण गर्ने अपराधीमाथि कारवाही गर्नुपर्नेमा उल्टै पीडित समुदायका युवाहरूमाथि दमन गरेको छ, जुन अस्वीकार्य छ।"

धर्नामा विभिन्न सामाजिक संघ-संस्थाका प्रतिनिधि, हिन्दू संगठनका कार्यकर्ता र स्थानीय नागरिकहरूको पनि उपस्थिति रहेको थियो। प्रदर्शनकारीहरूले घटनाको निष्पक्ष छानबिन, दोषीमाथि तत्काल कारवाही र गिरफ्तार गरिएका युवाहरूको बिना शर्त रिहाईको माग गरेका छन्।

स्थानीय प्रशासनले भने स्थितिलाई नियन्त्रणमा राख्न प्रहरी परिचालन गरिएको जनाएको छ।

सफलताको १८ वर्ष पुरा

१९ औं वर्षमा प्रवेश

Ever Permeating and Pervading to New Scale of Height of Prosperity

स्थापनाको १८ औं वर्ष पुरा गरी १९ औं वर्ष प्रवेश गरेको यस विशेष अवसरमा हामीलाई निरन्तर प्रेरणा, प्रोत्साहन र मार्गदर्शन प्रदान गर्ने सम्पूर्ण ग्राहक महानुभावहरु, नियामक निकाय, सञ्चारजगत, कर्मचारी लगायत शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं ।

यस विशेष अवसरमा हामी आगामी दिनमा अझ प्रतिस्पर्धी, गुणस्तरीय एवं नवीनतम् बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
'A' Class Institution Licensed by Nepal Rastra Bank

Central Office: Kamalpokhari, Kathmandu, Nepal
+977 01-4523254, 01-4523432/3 & 01- 4523436, info@pcbl.com.np

## सम्पादकीय



# सर्वस्विकार्य संविधान कसरी बनाउने ?

संविधान घोषणापछि देशमा स्थानीय तथा संसदीय चुनावहरू सम्पन्न भयो । सरकारहरू फेरिएका छन् । सरकारलाई स्थायित्व दिई विकासका कार्यहरू फटाफट गरि जनताको मन जित्ने भनिएको थियो । तर देशमा आज राजनीतिकरूपमा असन्तुष्ट समुदायका मागहरू सम्बोधनको त कुरै छाडौं, उल्टै देशमा विकासका नाममा गरिएका वाचाहरू समेत फुस्रो सावित भएका छन्, जनताको ईज्जत प्रतिष्ठा दुष्टहरूद्वारा संकटमा छन् किनकि बलात्कारी तथा आर्थिक भ्रष्टाचारीहरू अख्तियार र अदालतसम्म कतिपय मुद्दामा पुगेर उम्कन्छन् भने कतिपय मुद्दामा अपराधीहरू पत्तो समेत लाग्दैनन् । सरकारका मन्त्रीहरू नै सरकारी विमान, जमिन, विकास बजेट विनियोजित रकमको भ्रष्टाचारमा परिरहेका छन् । अपराधीहरू जोगाउन सरकारी संयन्त्र दुरूपयोगका कुराहरू सुनिन्छन् । विश्वविद्यालय तथा सरकारी निकायमा योग्यभन्दा पनि दलिय भागवण्डामा सर्टिफिकेट र नामधारी तर कार्यकुशलता र दिमागमा गोबर गणेश तथा कामचोरहरूलाई हाकिम बनाईदै जिम्मेवारी तोकिदै छन् । आज धर्मनिरपेक्षता, संघीयता, लोकतान्त्रिक गणतन्त्र जस्ता उपलब्धिहरूभएको संविधानको कार्यान्वयन वा व्यावहारिक प्रयोग नै नभईकन प्रतिगामी तत्वहरू पुनः सल्बलाईरहेका छन् । तर देशमा धेरैले हिन्दूत्व चाहेपनि प्रतिगामी राजनीतिक परिवर्तन भने चांहदैनन् ।

सो बेला २०७२ सालमा संविधान घोषणा बलजफ्ति गरिंदा असन्तुष्ट समूह कांग्रेसका केही नेताहरू जोडदाररूपमा आवाज उठाउंदै गर्दा मधेशी दल सो बेलाका संघीय समाजवादी फोरम नेपाल, नेपाल सद्भावना पार्टी तथा तराई मधेश लोकतान्त्रिक पार्टीको संयुक्त संयोजनमा देशले ठूलो राजनीतिक उथलपुथल भ्केलीरहेको थियो । सुशील कोइरालाकै सरकारलाई कांग्रेसकै नेताहरूको असन्तुष्टिले पहिलो पटक संविधान संशोधन नाममात्रको भयो जसमा पनि सो बेलाका प्रतिपक्षि एमालेको आपत्ति थियो किनकि सो बेलाको एमाले नेतृत्व अति मधशविरोधीको रूपमा आफूलाई प्रस्तुत गर्थे भने उसले मधेशीको वा कसैको कुनैपनि शिकायत संविधानमा छैन भनेर भन्थ्यो जसलाई नाम चलेका मार्क्सवादी अल्थुज्जरहरूको भाषामा ईडियोलौजी भनिन्छ अर्थात् वर्गीय अन्धता जसमा नेतृत्वले आफू जस्तै सबैलाई आर्थिक र राजनीतिकरूपले भरिपूर्ण ठान्छन् । यहि ईडियोलौजीकल रोगले ग्रस्त तत्कालीन एमाले र तीनका नेतृत्व थिए भने आज एमाओवादीसंगको एकीकरणमा पार्टी अलिकति यस रोगबाट मुक्त भएको होला तर नेतृत्व व्यक्तिहरूमा रोग छँदैछ किनकि आजसम्म सांच्चिकै असन्तुष्टहरूको शिकाय सम्बोधन गर्न संविधान संशोधन गरिएको छैन, गर्ने छांटकांटपनि देखिदैन अर्थात् 'सबै कुरा संविधानमा ठिक छ !'

सो बेला प्रखर असन्तुष्टि व्यक्त गर्ने मधेशवादी दलका एक अध्यक्ष उपेन्द्र यादब त एक कदम अघि बढेर संविधान संशोधन नमान्ने र संविधान पुनर्लेखन नै गर्नुपर्ने अडानमा रहेका आज उनी न संशोधन र नै पुनर्लेखन संविधानमा भईकन तथा उनै मधेशीप्रति कडा रवैया अपनाउने केपी ओली (आन्दोलनमा मधेशी आम जनसमुदाय राज्यबाट मारिंदा 'मधेशमा आँप बढी फल्छ तसर्थ दुई चारवटा भ्कर्दैमा केही हुंदैन' तथा मधेशीले हातेमालो संगालो विश्व कीर्तिमान कायम गर्दै आयोजना गर्दा 'माँखेसांङ्लो' भनी मधेशीको जनमतलाई चरम् अपमानित गर्ने) नेतृत्वको सरकारमा उपप्रधानमन्त्री तथा स्वास्थ्य मन्त्रीसहित अन्य मन्त्रालयको नेतृत्व पनि पार्टीद्वारा गरेको थियो ।

संसारमा आजसम्मकै सर्वोत्कृष्ट राजनीतिक प्रणाली भनेको नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भइरहेको छ । संविधानमा रहेका असन्तुष्टिको स्वरहरू संविधानमा समयसापेक्षढंगले जनताको भावना अनुसार संशोधन गर्नैपर्छ । हरेक देशका संविधानहरू संशोधित भइरहेको परिप्रेक्ष्यमा नेपालमा हुंदै हुंदैन भन्नु राजनीतिक अराजकता हो जसले रेशियल औड अर्थात् मधेशी-पहाडी बीच द्वन्द्व निम्त्याउने छन् ।

# के संविधान संशोधन हुँदैमा मुलुकले निकास पाउँला ?



ई.कौशल गोपालवंशी

भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शन पछि एउटा विषय चारै तिरबाट उठ्ने गरेको देखिन्छ, त्यो हो संविधान संशोधनको मुद्दा । हुन त संविधान संशोधन अथवा पुनर्लेखनको मुद्दालाई मधेशवादी दलले बेला-बेलामा उथान गर्दै गरेको देखिन्छ । आजकल जो सुकैको मुखबाट एउटा कुरा मात्र सुनिन्छ त्यो हो संविधान संशोधन । अहिले संविधान संशोधनको कुरालाई यसरी प्रचारप्रसार गर्दै छ कि मानौं संशोधन कुनै जादुको छडि हो, जो छडिले संविधानमा छुने बितिकै पूरा देश एक रहस्यमयी तरिकाले परिवर्तन हुन्छ ।

के अहिलेको वर्तमानमा भएको सबै समस्याको कारण संविधान मात्र हो त ? आजको लेखमा यहि विषयको वरिपरि रहनेछु ।

भदौ २३ र २४ गतेको आन्दोलनको मुख्य कारण कुशासन, बेथिति, भ्रष्टाचार, बेरोजगारी र भ्कोलेवाद नै रहेकोमा कुनै द्विविधा छैन । यिनै कुशासन, बेथिति, भ्रष्टाचार र भ्कोलेवादको अत्त्यका लागि युवा पुस्ताले गरेको आन्दोलनलाई केहि व्यक्तिहरुले संविधान संशोधन जस्तो जटिल विषयसँग जोडेर कुशासन र बेथितिको मुद्दालाई ओभ्केलमा पार्न खोज्दै छन् । हामी सुशासन, पारदर्शिता, सामानता र सार्वभौमताको लागि लडाई लडिरहेका छौं । संविधान संशोधन एउटा महत्वपूर्ण तथा आवश्यक विषय भए पनि जेन-जी आनदोललाई पुर्णरुप संशोधनसँग जोड्नु उपयुक्त हो जस्तो लाग्दैन ।

संविधान र कुशासनः

वर्तमान संविधानकै कारणले देशमा कुशासन र बेथितिले जरा फैलाएको जस्तो मैले त देख्दिन्न । संविधानले त भ्रष्टचार गर भनेर त भन्दैन बरु भ्रष्टचारीलाई कारवाहि गरौं पो भन्छन् त । अनि भ्रष्टचार बढ्यो भनेर संशोधनको कुरा गर्नु कतिको तार्किक छन् त । संविधानले चुनावको बेलामा टिकट किनबेच गर्न त भन्दैन, नातागोतालाई टिकट दिनु भनेर भन्दैन त ।वडा अध्यक्ष, पालिका अध्यक्ष, प्रदेश संसद, प्रतिनिधि सांसद बन्नलाई चुनावमा जनतालाई पैसा बाँड्न, मासु भात खुवाउनका लागि संविधानले व्यवस्था त गरेको छैन ।

मन्त्री बन्नका लागि पार्टीलाई चन्दा दिनु पर्ने संवैधानिक व्यवस्था हो जस्तो त मैले कहि देखिन्न अनि सबै बेथितिको दोष संविधानलाई नै किन ? के संविधानले गर्दा नै मुलुकमा बेरोजगारी उत्पन्न भएको हो त ? संविधानले भ्कन स्थानीय/प्रदेश गरी भ्कन् रोजगारी सृजना गरेको देखिन्छ भने फेरि बेरोजगारीको दोष संविधान माथि किन ? के संविधान संशोधन गरेको दिनदेखि नेपालमा गरिबी, भोकमरि सधैको लागि अन्त्य हुन्छ त ? हुन्न किनकि रोजगारी सृजना हामीले गर्ने हो । संविधानले त सिंहदरवारको अधिकार र बजेट त वडाको दरवार सम्म पुर्यायो अव वडामा जाने बजेटको सदुपयोग भएन भने त्यसको दोष संविधानलाई लगाउने हो त ? के जेन-जिले आगो लगाएको भोलिपल्ट नेपालले निकास पायो त अथवा छ महिना/वर्ष दिनपछि निकास पाउला र ? पक्कै पाउदैन । किनकि बेथिति, कुशासन, भ्रष्टाचार गर्ने अधिकार संविधानले दिएको होइन । त्यसो भए नेपालको यो अवस्थाको लागि दोषी को त ?

संविधान एक लिखित दस्तावेज हो जसको कार्यान्वयन हामी जनताले गर्ने हो । संविधान राम्रो हुँदैमा कार्यान्वयन पक्ष राम्रो भएन भने मुलुकमा बेथिति आउने नै हो । गाडि जतिसुकै राम्रो भए पनि यदि चलाउने मान्छेको नियत खराब भए गाडि दुर्घटनामा जसरी पनि पर्छ । अहिले संविधानको पनि त्यहि हालत छ । संविधान राम्रोसँग लागु हुन पाएको छैन तर खारेजीको आवाज उठ्न थालेको छ । केहि विषयमा संशोधन आवश्यक होला तर अहिलेको परिस्थितको कारण संविधान भई हामी जनता नै हो ।

हामी ठिक अनि हामीले चुनेको नेता बेठिक यो कसरी संम्भव छन त ? अर्थात खराबी हामी जनतामा पनि छ । हामीले देश बनाउने ठेक्का राजनीतिक पार्टीलाई किन दिने आफ्नो देश हामी आफै किन नबनाउने ? देशमा सुशासनको जग बसाल्नका लागि संविधानले एउटा मार्गदर्शन दिने हो तर हिंड्नु हामीलाई नै छ । प्रत्येक दशक युग परिवर्तन हुन्छ तर हामी जनताले समय अनुसारको सोच किन परिवर्तन गर्न सकेनौं ? यदि सकेको भए २०/३० वर्षदेखि शासन गर्दै आउने बुढापाकालाई कसरी चुनेर पठायौं त ? हामी जनताले आफ्नो सोच परिवर्तन नगरी संविधान संशोधन मात्र गरेर मुलुकले निकास पाउनेवाला छैनौं । सामाज परिवर्तन नभई, संविधान परिवर्तनले हामी नेपाली जनता के नै पाउँछौं र ? यदि कसैलाई लाग्छ कि संविधान संशोधन/पुनर्लेखनले देशमा भ्रष्टाचार अन्त्य हुन्छ त्यो भ्रम हो । जबसम्म हामी/हाम्रो समाज परिवर्तन हुन्न तबसम्म कागजमा जे गरे नि सुशासन आउँदैन। जब समाज परिवर्तनको कुरा आउँछ, त्यहाँ के गर्ने कसरी परिवर्तन हुन्छ समाज ? सामाजिक परिवर्तनको लागि समाजदेखि नै नेतृत्वको परिवर्तन गर्ने बेला आएको छ । अब फेरि पुरानो विचार धारा भएकोलाई नेतृत्व दियौं भने संविधान संशोधन गरेर पनि देशले निकास पाउँदैन भने तथ्य म ठोकुवा गरेर भन्छु ।

अर्थात युवा पुस्ताको मर्मानुसार देश चलाउने हो भने देशमा संविधान संशोधनभन्दा पनि जनताको सोच परिवर्तनको जरुरी छ ।

यदि कसैलाई लाग्छ कि संविधान संशोधन/पुनर्लेखनले देशमा भ्रष्टाचार अन्त्य हुन्छ त्यो भ्रम हो । जबसम्म हामी/हाम्रो समाज परिवर्तन हुन्न तबसम्म कागजमा जे गरे नि सुशासन आउँदैन। जब समाज परिवर्तनको कुरा आउँछ, त्यहाँ के गर्ने कसरी परिवर्तन हुन्छ समाज ?

# यही अवस्थामा चुनाव भए प्रतिकार, छठपछि फेरि आन्दोलन : जेनजी अगुवा सहनी

काठमाडौं । जेनजी अगुवा कृष्णमोहन सहनीले नक्कली जेनजीको नामा आगजनी, लुटपाट र अराजकता मच्चाउनेलाई कारवाहीको दायरामा नल्याएसम्म स्थिरता बन्न नसक्ने बताएका छन् । उनले जेनजीको नाममा अराजक कार्य गरिरहेको भन्दै सुधन गुरुङ र डा. निकोलस भुसाललाई कानुनको दायरमा ल्याउनुपर्ने बताए । मंगलबार संवाद डबलीमा पत्रकार सम्मेलन आयोजना गर्दै सहनीले भने, 'जेनजीको नाममा अराजकता मच्चाइरहेका सुधन गुरुङ र निकोलस भुसाललाई कानुनको दायरामा ल्याउनुपर्छ, नत्र स्थिरता आउँदैन । त्यस्तै, जेनजीको नाममा अगजनी र लुटपाट गर्नेलाई कारवाही गर्नुपर्छ ।'



प्रधानमन्त्री सुशीला कार्कीले जेन वाईको दबाबमा जेनजीको पक्षमा काम नगरेको बताए । उनले जेनजीको पक्षमा काम गर्न नसक्ने भए प्रधानमन्त्री कार्कीले तुरुन्त राजिनामा दिनुपर्ने बताउँदै नभए आफूहरु आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिए ।

आफूहरुले पुरानै चुनाव गराउन गराउन नचाहेको बताउँदै सहनीले चुनाव रोक्न सरकारसँग आग्रह गरे । उनले भने, 'अहिलेकै अवस्थामा गरिने चुनावमा हाम्रो सहमति छैन, हामी बहिस्कार गर्छौं । अहिलेको सरकारले जबरजस्त चुनाव गरायो भने पुनः आन्दोलनमा आउनुपर्ने हुन्छ ।'

संविधान संशोधन गरेर मात्रै चुनावमा जानु पर्ने जेनजीको माग रहेको बताउँदै सहनीले सामानुपातिकलाई खारेज गर्नुपर्ने तर खराबी हटाएर संघीयतालाई बलियो बनाउनुपर्ने बताए ।

जेनजी बलमा बनेको सरकारका मन्त्रीले सम्पत्ति सार्वजनिक नगरेको बताउँदै आपत्ति जनाए । उनले सरकार समावेशिता नभएको बताउँदै भने, 'हाम्रो बलमा बनेको सरकारलाई प्रधानमन्त्री कार्कीले समावेशिता छैन । महिला, दलित, मधेसी सहभागिता छैन । यही हो हामीले खोजेको सरकार ?

जेनजी पुस्ता अरुको पछि नलागेर आन्दोलनको म्याडेण्टअनुसार अगाडि बढ्नुपर्ने बताए । आफूहरु तिहार र छठपछि पुनः आन्दोलनमा आउने चेतावनी समेत दिए ।

आन्दोलनमा ज्यान गुमाउनेलाई राष्ट्रिय सहिद घोषणा गर्न छोडेर सरकारले कनिका छरेको बताए । उनले १० लाख दिएर परिवारलाई केही नपुग्ने बताउँदै तुरुन्त राष्ट्रिय सहिद घोषणा गर्न र घाइतेलाई रोजगारको व्यवस्था गर्न माग गरे ।

# यो आन्दोलनले स्पष्ट सन्देश दिएको छ- तिमी बुढाहरुले नेतृत्व छोड



पुरञ्जन आचार्य

राजनीतिक विश्लेषक

**० तपाईंले जेनजी आन्दोलनलाई कसरी हेर्नु भयो र यसले नेपाली समाजलाई कहाँ ल्याएर उभ्याइदिएको देख्नु हुन्छ ?**

– विश्वभरका आन्दोलनलाई निगरानी गर्ने ग्लोबल प्रोटेस्ट ट्र्याकर भन्ने एउटा वेबसाइट छ । त्यस अनुसार विगत एक वर्षदेखि विश्वभर १५९ देशमा सरकार विरोधी आन्दोलन भइरहेका छन् । यी आन्दोलनमा झन्डै एक अर्ब मानिस सडकमा ओर्लिएका छन् । आन्दोलन कुनै सुसुप्त छन् त कुनै उफानमा छन् ।

अहिले पनि इन्डोनेशिया, फिलिपिन्समा नेपालमै जस्तो सरकार विरोधी आन्दोलन चलिरहेका छन् । कुराकानीको सुरुमै म तपाईंलाई ल्याटिन अमेरिकी मुलुक चिली लिएर जान चाहन्छु । त्यसको राजधानी सेन्टियागो निकै सुन्दर सहरमध्येको एक हो । त्यहाँ सन् २०१९ मा मेट्रोको भाडा जम्मा ३०-४० सेन्ट बढाइएपछि त्यहाँ धेरै ठुलो सरकार विरोधी आन्दोलन भयो । जबकि त्यो मुलुकले सरकारी आँकडामा राम्रो आर्थिक उन्नति गरिरहेको थियो । कुरा के भने सरकारी आँकडामा भन्दा भिन्न युवाहरूको ठुलो जमात त्यहाँ बेरोजगारीसँग जुधिरहेको थियो । आर्थिक असमानता, बेरोजगारी र भ्रष्टाचारका कारण त्यहाँ धेरै ठुलो राजनीतिक विस्फोट भयो । मचाहिँ यसलाई सामाजिक विस्फोट भन्ने गर्छु ।

पछिल्लो समय बंग्लादेश र श्रीलंका पनि त्यस्तै परिस्थितिबाट गुज्रिएका थिए । त्यसैले जेनजीको यस्तो मोडेल फेरि नदोहोरियोस् भन्ने हो भने यसमा सबैभन्दा धेरै जिम्मेवार हुनुपर्ने अर्थमन्त्री हो । अर्थमन्त्रीको सुझबुझपूर्ण कदम देशका यी समस्या समाधानमा सहयोगी साबित हुन सक्छन् । पछिल्लो समयको महत्त्वपूर्ण सरकारी कमजोरी भनेकै सरकारी सूचकाङ्कहरू नै गलत हुँदा रहेछन् भन्ने हामीले केही देशको उदाहरणबाट थाहा पाउँछौँ ।

उदाहरणका लागि सोभियत संघको विघटन नै त्यस्तै तथ्याङ्कहरूको चुली चढेर भयो । भारतमा पनि ७.२ प्रतिशतको आर्थिक वृद्धि भनिएको छ तर त्यहाँ पनि चरम बेरोजगारी छ । त्यसैले सन् १९९० मा प्रजातन्त्रको लहर विश्वभर चलेजस्तै अहिले सन् २०२५ मा बेरोजगारी र असमानता विरुद्धको लहर चलिरहेको छ ।

अमेरिकामै हेर्ने हो भने जम्मा १० प्रतिशत मानिससँग अमेरिकाको कुल सम्पत्तिको झन्डै दुई तिहाइ संसाधन सङ्कुचित हुन पुगेको छ । यसको तुलनामा सिमान्तकृत ५० प्रतिशत मानिससँग कुल सम्पत्तिको जम्मा २.५ प्रतिशत संसाधन छ । त्यसैले अबको शासन व्यवस्थाले यसलाई सम्बोधन नगरिकन यस्ता आन्दोलन शान्त होलान् जस्तो लाग्दैन । तपाईं आफैँ भन्नुस् न- युलेन्स जाने र रत्नराज्य विद्यालय जाने विद्यार्थीबिचको असमानतालाई कम नगरेसम्म विश्वभर यस्ता आन्दोलन कसरी शान्त होलान् ?

जेनजी आन्दोलनले उठाएको नेपोकिड र नेपोबेबीको मुद्दा पनि त त्यही हो । फिलिपिन्समा मार्कोस, इन्डोनेशियामा सुहार्तो र भारतमा गान्धी परिवारका सन्तानले देखाएको व्यहार र हाम्रा नेताका छोराछोरीले देखाएको व्यवहारमा के फरक देखियो त ? तीन दशक अघिको समाज र आजको समाजको मुलभूत भिन्नता के हो भने पहिले सबैले सबैका बारे सूचना जुटाउन सम्भव थिएन तर आज इन्टरनेटले सबैलाई सबै कुरा थाहा पाउने बनाइदिएको छ । हिजो आफैँसँग हिँडेको मान्छे र उसको परिवार आज कुन अवस्थामा छ, सबैले छर्लङ्ग देख्न सक्छन् । नेपालको पछिल्लो आन्दोलनलाई सामाजिक सञ्जालमाथिको प्रतिबन्धले चिङ्गारीको काम गर्‍यो । त्यसैले ओली-देउवाको सरकारलाई खरानी बनाइदियो ।

**० तपाईंले भ्रष्टाचार र असमानताले सामाजिक विस्फोट निम्त्याएको बताउनुभयो तर ट्रिकल डाउन थ्यौरीमा विश्वास गर्ने खुला बजार अर्थनीति अर्थात् पुँजीवादी अर्थतन्त्रको मोडेललाई अपनाएर भ्रष्टाचार र असमानतालाई निमिट्यान्न पार्छौं भन्ने कुरा त अलिक विरोधाभाषी भयो । किनभने पुँजीवादको गर्भमै भष्टाचार र असमानता हुर्किरहेको हुन्छ, होइन र ?**

– तपाईंले निकै राम्रो कुरा सोध्नुभयो । विश्वभर भइरहेको बहसको चुरो यही हो । संक्षेपमा भन्दा मलाई के लाग्छ भने पुँजीवाद भने पनि, समाजवाद भने पनि यी दुवै युरोपको औद्योगिक क्रान्तिका उपज थिए । औद्योगिक क्रान्तिले पुँजीवादलाई अघि बढाउँदै उपनिवेशवादसम्म पुर्‍याइदियो । पुँजीवादको विकल्पमा भएको रुसी क्रान्ति, जसलाई बोल्सेविक क्रान्ति भनिन्थ्यो, त्यसले रुसलाई सोभियत संघसम्म पुर्‍यायो ।

पूर्वी युरोप हुँदै ल्याटिन अमेरिकासम्म फैलिरहेका समाजवादी मुलुकहरूले पुँजीवादी राज्यलाई चुनौती दिन थालेपछि पुँजीवादी राज्यहरू कल्याणकारी राज्यमा रुपान्तरित हुन थाले । खासमा बोल्सेविक क्रान्तिका लप्काले पुँजीवादी राज्यहरूलाई निल्ने भयो भनेर कल्याणकारी राज्यको अवधारणा अघि बढेको थियो ।

बेरोजगारीबारे अर्थशास्त्री जोन मेनार्ड किन्सको राम्रो उक्ति छ । उनले भनेका छन्- बेरोजगार युवालाई नहर खन्न लगाउँ र नहर पुर्न लगाउँ तर बेरोजगार नराख । अर्थात् जसरी भए पनि युवालाई रोजगार दिइरहनु पर्छ ।

पुँजीवादको विकल्पमा आएको समाजवादी विचारधारा बोकेको रुसमा पनि त्यहाँको शासन-प्रशासन जनताको आकाङ्क्षालाई सम्बोधन गर्नुभन्दा लाल फित्ताशाहीमा परिणत हुँदै गयो । विश्व परिवेशमा यो सबै भइरहँदा नेपालमा भने यी दुवै विचार त्यति नै प्रभावशाली ढंगले मानिसको घरदैलोसम्म आइपुगे । तर, नेपाली धर्तीमा आउँदा यसले अर्कै रुप ग्रहण गर्‍यो । यहाँ सन् ९० को दशकमा खुला बजार अर्थनीति अपनाइयो, तर पुँजीवादको विकास हुनुअघि नै यहाँ त्यो क्रोनी क्यापिटलिजममा परिणत हुन पुग्यो । त्यसैलाई हामीले दलाल पुँजीवाद वा बिचौलियाको हालिमुहाली भन्यौं ।

उनीहरू कतिसम्म हाबी भए भने सरकारको कुनै पनि अङ्गदेखि न्यायपालिकासम्म जनताले आफ्नो काम गराउनका लागि बिचौलिया प्रयोग नगर्ने हो भने कामै नहुने परिस्थिति सिर्जना भयो । शासकदेखि प्रशासकसम्म उनीहरूको पहुँचमा भएपछि त्यसबाहेकका मान्छेको कामै नहुने परिस्थिति बन्यो ।

पुँजीवादी अर्थतन्त्रको मोडेलमा भ्रष्टाचार र असमानता कसरी निमिट्यान्न हुन सक्छ भन्ने तपाईंको प्रश्नमा विचार गर्दा म तपाईंसँग सहमत हुन आउँछु । कुरा केमात्रै भिन्न हो भने समाजवादी मोडेलमा त्यो लुकाइन्छ, पुँजीवादमा छताछुल्ल देखिन्छ । आज हामीले अपनाइरहेको व्यवस्थाका तमाम कमजोरी हुँदाहुँदै पनि हामीसँग योभन्दा उपयुक्त अर्को कुनै पनि व्यवस्था छैन । कृष्णप्रसाद भट्टराई भनिरहनु हुन्थ्यो- यो व्यवस्थाका अनेकन खराबी होलान् तर यो जत्तिको उत्तम व्यवस्था अर्को छैन । डेमोक्रेसी वा यो व्यवस्थाका बारे बेलायती दार्शनिक बर्टेन्ड रसेलले आफ्नो कुनै एउटा निबन्धमा लेखेका छन्- डेमोक्रेसीमा खराब मानिसले असल मानिसलाई कुर्सी छोड्छ ।

**० नेपालको हकमा यसलाई कसरी बुझ्ने ?**

– नेपालको प्रजातान्त्रिक यात्रामा पछिल्लो सरकार अलिक नमिल्दो खालकै थियो । प्रधानमन्त्रीका रूपमा केपी ओली अधिनायकवादी विचारधारा मान्ने व्यक्ति थिए । उनलाई समर्थन गर्ने शेरबहादुर देउवा त्यस विपरीतको विचारधाराबाट हुर्किएका थिए । देउवा प्रजातान्त्रिक समाजवादी विचार मान्थे तर सरकारका लागि उनले आफ्नै विचार त्यागेको देखियो । हुँदाहुँदा शेरबहादुरजी न प्रजातान्त्रिक भए, न समाजवादी । ओली भने तीन करोड नेपालीले भन्दा भिन्नै खालको सोच राख्ने अहंकारले भरिएका दम्भी हुन् । देउवाजीको त म अलिक आलोचक पनि हुँ । किनभने उनैले कांग्रेस पार्टीलाई कहिले ज्ञानेन्दको दरबारमा लगेर बुझाए, कहिले ओलीको अहंकारमा लगेर लम्पसार लगाए । झोले कांग्रेसीहरूले यसबाट शिक्षा लिनुपर्ने थियो तर उनीहरूले यसबाट पनि शिक्षा लिएको देखिएन । उनीहरू अझै पनि यो परिस्थितिबाट सिक्न तयार छैनन् । नेपालका दलहरूले बाँडीचुँडी खाने परम्पराकै विरुद्ध पछिल्लो जेनजी आन्दोलन भएको हो । दलहरू यसबाट पनि सिक्न तयार भएनन् भने उनीहरू उभिएको जमिन नै ज्वालामुखीको मुहान बन्ने छ भनेर बुझ्दा हुन्छ ।

**० विश्वव्यापी रूपमा कुनै समय उपनिवेशवाद विरोधी लहर आएजस्तै प्रजातन्त्र, समाजवाद, फाँसीवाद र पहिचानको पनि लहर आयो । अहिले विश्वभर भइरहेका यस्ता असन्तोषपूर्ण आन्दोलनलाई विश्वव्यापी लहरका रूपमा बुझ्ने हो भने यसका पछाडि कतै भत्किँदै गरेको अमेरिकी विश्व व्यवस्था त कारकका रूपमा छैन ?**

– तपाईंले ठिक भन्नुभयो, यो अफरा-तफरी एउटामात्रै देशमा छैन । मैले माथि नै भनेँ, यस्तो विश्वका १५९ वटा देशमा भइरहेको छ । तर, यसले कुन दिशा लिन्छ अहिले नै भन्न सकिँदैन । सन् १९४५मा दोस्रो विश्वयुद्धको अन्त्यसँगै एकातर्फ विश्वका सबैभन्दा ठुला भनिएका साम्राज्यहरू बेलायत र फ्रान्स पतनोन्मुख थिए भने अर्कोतर्फ अमेरिकाको उदय हुँदै थियो । अर्थात् एउटा अस्ताउँदै थियो, अर्को उदाउँदै थियो ।

त्यही अमेरिकासँगै अर्कोतर्फ रुस पनि उदाउँदै थियो । कतिसम्म भने त्यसले चीनको क्रान्तिमा पनि मद्दत गर्‍यो । हामीले त्यसलाई शीतयुद्ध भनेर इतिहासका पानामा पढ्छौं । सन् १९९० को दशकमा एकातर्फ स्वतन्त्रताको लहर चल्यो भने अर्कोतर्फ उदार अर्थतन्त्रको अवधारणाले आकार ग्रहण गर्न थाल्यो ।

नयाँ शताब्दीमा प्रवेश गरेसँगै विश्व पहिलेजस्तो रहेन । सूचना प्रविधिमा आएको उभारले विश्वलाई ग्लोबल भिलेज बनाइदियो । यसले के भयो भन्दा रुस आजका दिनमा पहिले जत्ति शक्तिशाली रहिरहन सम्भव भएन । आर्थिक, सामरिक, प्रद्योगिकी र सैन्य हिसाबले पनि संसारलाई मैले नै सञ्चालन गर्नुपर्छ भन्ने सोच पनि रहेन ।

हामीले अपनाउने संस्कृति, लगाएको लुगा, बोल्ने, खाने, आचार-व्यवहार गर्ने तरिका भने हाम्रो पश्चिमा भ्यालु सिस्टममै विकसित हुन पुग्यो । तर, यसको प्रतिनिधित्व गर्ने अमेरिकामा ट्रम्प राष्ट्रपतिका रुपमा आइसकेपछि त्यसमा पनि ह्रास हुँदै गयो । उनले अमेरिकालाई प्रोटेक्सिनिजम अर्थात् संरक्षवादतर्फ लगिरहेका छन् । यसले गर्दा अमेरिकाको 'आउटवार्ड लुकिङ' खुम्चिँदै 'इनवार्ड लुकिङ'मा सीमित हुन पुग्यो । त्यसैले उसले संयुक्त राष्ट्रसंघजस्ता संस्थालाई सञ्चालन गर्न दिने खर्च कटौती गरिरहेको छ ।

अर्कोतर्फ चिनियाँहरूको आफ्नै कन्फिसियस भ्यालु सिस्टमका कारण उनीहरूले पनि यसतर्फ ध्यान दिएको देखिँदैन । उनीहरू 'बेल्ट एण्ड रोड' भन्दै आफ्नो व्यापारिक बाटो खोल्नमै सीमित छन् । यस्तो अवस्थामा विश्वलाई जुन व्यवस्थाले नेतृत्व गर्नुपर्ने थियो, त्यसले काम नगरेकै हो भन्ने मलाई लाग्छ ।

कुरा यतिमा मात्रै सकिँदैन, यसको विपरीत ध्रुवमा हुनेले पनि प्रजातन्त्र, वाक स्वतन्त्रता, व्यक्तिगत स्वतन्त्रता आदिको रक्षा गर्ने भनेर पनि अघि बढेको देखिँदैन । खासमा भन्ने हो भने अहिलेको समय वैश्विक सङ्कटको समय हो ।

**० तपाईंले अघि चिलीको कुरा गर्नुभयो । चिलीमा सन् १९७० को दशकमा समाजवादी नेता सल्भाडोर अलेन्देको सरकारलाई अमेरिकाले सत्ताच्यूत गराएको थियो भनेजस्तै ओली-देउवा सरकार पदच्यूत हुनुमा पनि अमेरिकीहरूको हात छ कि भन्ने आशंका गरिँदैछ । पछिल्लो सत्ता पलटलाई तपाईंले भूराजनीतिसँग जोडेर हेर्नुभएको छ वा छैन ?**

– अन्तर्राष्ट्रिय सम्बन्धमा एउटा भनाइ छ- 'रियल इन्टरनेसनल पोलिटिक्स इज डोमेस्टिक पोलिटिस' । खासमा कुनै पनि देशभित्र रहेका सामाजिक, आर्थिक, राजनीतिक असन्तुष्टि नै प्रमुख हुने गर्छन् । तर, आजको संसार वैश्विक संसार हो । तपाईंको देशभित्र केही भयो र संसारका शक्तिशाली राष्ट्रहरू चुप लागेर बसे भनियो भने कसैले पत्याउँदैनन् । यति सजिलै पत्याउने कुरा पनि होइन । यद्यपि सबै कारण उनीहरू नै हुन् त ! होइन ।

फ्रान्सिसीहरूले अमेरिकाको स्वतन्त्रतामा सहयोग नगरेको भए उनीहरू बेलायती उपनिवेशबाट त्यति सजिलै उम्कन सक्ने अवस्था थिएन । अमेरिकाको स्वतन्त्रतामा फ्रान्सको प्रत्यक्ष हस्तक्षेप छ भन्दा हुन्छ । हुँदाहुँदा 'स्ट्याचु अफ लिबर्टी' पनि फ्रान्सिसीहरूले नै बनाएर पठाइदिएका हुन् । चीनको मुक्ति आन्दोलनमा रुसीहरूको हात छ । नेपालको ००७ र ०४६ सालको आन्दोलनमा भारतीय स्वतन्त्रताप्रेमी नेताहरूको हात छ । चन्द्रशेखर लगायतका नेताहरू चाक्सीबारीमा आएर भाषण गरेको हामीलाई नै थाहा छ नि । तर, हालको आन्दोलनमा यहाँका युवाहरूले श्रीलंका, बंगलादेश जस्ता देशहरूमा युवाले सत्ता पलट गरेको देखे । उनीहरूलाई के लाग्न थाल्यो भने हामीले पनि चाह्यौँ भने सत्ता पलट गर्न सक्छौँ । तर, यसको दुःखद् पक्ष के छ भने सामाजिक सञ्जालमार्फत एकीकृत भएकाहरूको नेतृत्व गर्ने कोही हुँदैन ।

**० नेपालको पछिल्लो आन्दोलनको दिशा के हुने देख्नु हुन्छ ?**

– पछिल्लो आन्दोलनमा दृश्य, अदृश्य रूपमा काठमाडौँका मेयर बालेन शाह जोडिएका छन् । बालेनको सम्बन्ध नेपाली सेनासँग निकै सौहार्दपूर्ण देखिन्छ । उनी मेयर भएपछि सेना प्रमुखसँग भेट्न गए, जबकि प्रधानमन्त्रीसँग भेट्न गएनन् । आन्दोलनका क्रममा उनले सेनासँग वार्ता गर्नुपर्छ भने, आन्दोलनरत युवाहरू सेनाको मुख्यालय पुगे । बालेनले अबको प्रधानमन्त्री सुशीला कार्की हुने भने, उनै प्रधानमन्त्री भइन् ।

उनीहरूको पारिवारिक सम्बन्ध हो वा राजनीतिक सम्बन्ध, यसबारे मलाई थाहा भएन तर उनीहरूको सम्बन्ध देखिन्छ । मैले भन्न खोजेको के भने बालेन यदि यो आन्दोलनको अनुहार हुन् भने उनी अगाडि आउनु पर्‍यो । उनले आफ्ना राजनीतिक एजेण्डा यी-यी हुन् भनेर भन्नु पर्‍यो । त्यसले मात्रै अबको दिशा कस्तो हुनेछ भन्न सजिलो हुन्छ ।

**० आन्दोलनपछि राजनीतिक दलहरूमा नेतृत्व परिवर्तनको सम्भावना कत्तिको देख्नु हुन्छ ?**

– पुराना राजनीतिक दलहरूको संगठनात्मक ढाँचा तथा उनीहरूले अपनाउँदै आएको शैलीमाथि पछिल्लो आन्दोलनले हस्तक्षेपमात्रै गरेको छैन, यसले त पूरै बञ्चरो नै हानिदिएको छ । हस्तक्षेप भनेको दबाबमात्रै हो । पार्टीहरू भित्र दबाब त पहिलेदेखि नै थियो । यो आन्दोलनले स्पष्ट सन्देश दिएको छ- तिमी बुढाहरूले नेतृत्व छोड ।

मलाई के लाग्छ भने नेपालका राजनीतिक दलका प्रमुखहरू प्रधानमन्त्री छोड्न तयार हुन्छन् तर पार्टी सभापति र अध्यक्ष छोड्न तयार हुँदैनन् । किनभने पार्टी सत्ताको प्रमुख भएपछि उनीहरू जस्तोसुकै अवसर पनि हात पार्न सकिन्छ भन्ने ठान्छन् । तर, पछिल्लो आन्दोलनले दिएको स्पष्ट सन्देश राजनीतिक दलका प्रमुखहरूले अझै बुझ्न खोजिरहेका छैनन् ।

पार्टी सभापति र अध्यक्षका वरपर रहेका स्वार्थ समूह पनि उनीहरूले पार्टी सत्ता गुमाउनु हुँदैन भनिरहेका छन् किनभने त्यसको सबैभन्दा धेरै लाभ पाउने समूहमा तिनै पर्थे । त्यसैले शेरबहादुर, ओली र प्रचण्ड नजिकका भक्तगणहरूले सङ्कटको बेला नेतृत्व छोड्नु हुँदैन भनेर आवाज बुलन्द गरिरहेका छन् ।

**० लोकतान्त्रिक भनिएको कांग्रेस पार्टीमा पनि नेतृत्व हस्तान्तरणको सम्भावना छैन ?**

– नेपाली कांग्रेसमा शेरबहादुरजीको पेरी-फेरी निकै बलियो छ । उनी एमालेका केपी ओलीजस्ता होइनन् । ओली त आफ्नो पार्टीमा निकै कमजोर भइसके तर शेरबहादुरजी अहिले पनि धेरै बलिया छन् । माओवादीमा भने प्रचण्ड भनेकै माओवादी, माओवादी भनेकै प्रचण्ड भन्ने अवस्था छ । त्यसैले त्यहाँ त्यसको विकल्प खोजिएला जस्तो लाग्दैन । माओवादीमा जनार्दन शर्मा गगन थापा त बन्न सक्छन् तर प्रचण्ड बन्न उनलाई गाह्रो छ ।

**० अन्त्यमा म तपाईंसँग के जान्न चाहन्छु भने आजका दिन ०७२ सालको संविधान जीवित छ वा त्यसले मृत्युवरण गरिसक्यो ?**

– स्पष्ट शब्दमा भन्दा आवश्यकताको सिद्धान्त अनुरुप आजका दिन हामी-आन्दोलनको जगमा निर्मित कार्यकारिणी, आन्दोलनबाट फ्याँकिएको व्यवस्थापिका र त्रासमा बाँचिरहेको न्यायपालिकाका अघिल्तिर उभिएका छौं । बीपीले भनेजस्तै- अहिले संविधान छ पनि, छैन पनि । संविधान कागजको खोस्टो जस्तै भएको छ ।

यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने सेना, जो हिजोसम्म ब्यारेकमा सीमित थियो, ऊ आज राजनीतिक भूमिकामा देखिएको छ । वार्ताका लागि जब सेनाले भूमिका खेल्यो, सेना राजनीतिमा प्रवेश गर्‍यो भनेर बुझ्नु पर्छ । सेनाको भूमिका अझै डराउनै पर्ने खालको त म देख्दिनँ तर यसलाई निगरानी भने गरिरहनु पर्छ । परिस्थिति कस्तो निर्माण भएको छ भने चुनावका लागि सेनालाई कन्फिडेन्समा लिनु पर्नेछ । त्यसैले निर्वाचनमा कस्तो परिणाम आउँछ भन्नेले यो संविधान जीवित रहन्छ वा यसले मृत्युवरण गर्छ भन्ने तय हुन्छ । -*रातोपाटीबाट*

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**इनरुवा नगरपालिका**
**सुनसरी, कोशी प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**देवानगन्ज गाउँपालिका**
**सुनसरी, कोशी प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**खडक नगरपालिका**
**सप्तरी, मधेश प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गौर नगरपालिका**
**रौतहट, मधेश प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**चन्द्रनगर गाउँपालिका**
**सर्लाही, मधेश प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अग्निसाइर कृष्णासवरन गाउँपालिका**
**सप्तरी, मधेश प्रदेश**

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
